स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र 'एक्लो'को ट्रेलर सार्वजनिक गरिएको छ। बिहीबार राजधानीमा आयोजित एक कार्यक्रमकाबिच सार्वजनिक ट्रेलरमा चलचित्रको विषयवस्तु झल्काउन खोजिएको छ। चलचित्रले खतरनाक भाइरसले गर्दा सन् २०३० सम्म मानिसले पृथ्वी ग्रह छाड्ने भविष्यको एक काल्पनिक कथा भनेको छ। ट्रेलरमा अभिनेता प्रदीप खड्का, विजय लामा अहिलेसम्मकै फरक अवतारमा देखिएका छन् भने अभिनेत्री कविता नेपाली एक्सन अवतारमा प्रस्तुत भएकी छन्।

आजको विचार...



देशमा...

(दुई पेजमा)

कृष्ण बोहरा



नेपालमा पाँचौं हप्तासम्म प्रदर्शन भइरहेको फिल्म 'मन बिनाको धन' अब अमेरिकामा समेत प्रदर्शन हुने भएको छ। बालगायक अशोक दर्जीको संघर्षपूर्ण जीवनयात्रालाई भावनात्मक रूपमा प्रस्तुत गरिएको यस फिल्मले दर्शकको मन जितिरहेको छ। ग्रेट इभेन्ट मुभीले अब यो फिल्मलाई अमेरिकास्थित नेपाली दर्शकमाझ लैजाने भएको छ। यो फिल्म २७ र २८ डिसेम्बरमा नेब्रास्काको क्राउन पोइन्ट एभेन्युस्थित ओमाहामा प्रदर्शन हुनेछ। २७ डिसेम्बरमा दिउँसो २ बजे र भोलिपल्ट ४ बजे शो तय छन्।

❐ वर्ष ३१ अंक १३६ ❐ २०८२ मंसिर २७ गते शनिबार 13 December 2025, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### मन्त्रिपरिषद् विस्तार

**पाल्पा,** मङ्सिर २६/प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारको मन्त्रीपरिषद् विस्तार भएको छ । गत भदौ २७ गते गठित मौजुदा मन्त्रिपरिषद्को संख्या शुक्रबारको विस्तारसँगै १४ पुगेको छ । थपिएका चार जना नयाँ मन्त्रीहरूले शुक्रवार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन् । नयाँ मन्त्रीहरुमा श्रद्धा श्रेष्ठ, माधव चौलागाईं, राजेन्द्रसिंह भण्डारी र कुमार इङ्नाम रहेका छन् । राष्ट्रपति कार्यालयकाअनुसार नवनियुक्त चार मन्त्रीहरूमध्ये श्रेष्ठलाई महिला,बालबालिका तथा ज्येष्ठ नागरिक, चौलागाईंलाई वन तथा वातावरण, भण्डारीलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा र इङ्नामलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी दिइएको छ । राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल लगायतका विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि भदौ २७ गते प्रधानमन्त्री कार्कीको नेतृत्वमा गठित मन्त्रिपरिषद् यसअघि गत भदौ ३०, असोज ६ गते र कात्तिक ९ गते विस्तार भएको थियो ।

# पाल्पामा जिप दुर्घटना : तीन जनाको मृत्यु, आठ घाइते

कृष्ण पोखरेल

**पाल्पा,** मंसिर २६/पाल्पाको निस्दी गाउँपालिका-४ चिउरीवासमा जिप दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । उक्त दुर्घटनामा आठ जना घाइते भएका छन् ।

निस्दीको मित्यालीस्थित अरुणखोलादेखि रामपुरतर्फ जाँदै गरेको लु१ज ३९०८ नम्बरको जिप शुक्रबार विहान दुर्घटनामा परेको हो ।दुर्घटनामा जिपमा सवार तीन जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक होमप्रकाश चौधरीले जानकारी दिए ।



उनका अनुसार मृतक तीन जना मध्ये दुई जनाको मात्र पहिचान खुलेको छ । पहिचान हुनेमा मतृक निस्दी गाउँपालिका- ७ हुवासकी ३६ वर्षीया हेम कुमारी सारु, सोही गाउँपालिका -४ ठोक्सिङबासकी ४५ वर्षीया ओम कुमारी खाँम्चा रहेका छन् । अर्को एक जना महिलाको शव भने पहिचान हुन नसकेको सूचना अधिकारी चौधरीले जानकारी दिए । उक्त दुर्घटनामा आठ जना घाइते भएका छन् । घाइते हुनेहरुमा निस्दी- ४ लामेदमारका ९ वर्षीय नेवराज खाम्चा, सोही ठाउँका ५ वर्षीय सालिन खाम्चा,७३ वर्षीय नर बहादुर सुनारी, ७२ वर्षीया भुमी सरा सुनारी ४१ वर्षीय सुन्दर सुनार,निजको छोरा १० वर्षीय लविस सुनार, छोरी ५ वर्षीय प्रिन्सा सुनार र २८ वर्षीया मिना कुमारी सुनारी रहेका छन् ।

-बाँकी अन्तिम पेजमा...

## वातावरण स्वच्छ राखौं ।

-धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
-फोहोर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
-जथाभावी फोहोर नफालौं,
-कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
-घर, टोल तथा सडक सफा राखौं,
-घर वरपर बोटविरुवा लगाऔं,
-सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
-वातावरण प्रदूषण नियन्त्रणका लागि सामूहिक प्रयास गरौं ।
सफा वातावरण, स्वस्थ जीवन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कफीखेतीमा जोड दिन पालिकालाई किसानको आग्रह

**गुल्मी,** मंसिर २६/यहाँ कफीखेतीको विस्तारका लागि स्थानीय पालिकाहरुले सहयोग गर्नुपर्ने भन्दै सरोकारवालाले चासो व्यक्त गरेका छन् । सरोकारवाला संस्थाद्वारा कफी कृषकसँग कफीखेती विस्तारका लागि गरिएको छलफल तथा अन्तर्क्रियामा कृषकले कफी विकास केन्द्र आपचौर, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम र कफी अनुसन्धान कार्यक्रमको संयुक्त आयोजनामा उक्त कार्यक्रम गरिएको थियो । कफी विकास केन्द्रमा गरिएको कार्यक्रममा जिल्लामा पछिल्लो समयमा किसानमा कफीखेतीमा आकर्षण बढ्दै जान थाले पनि आशातित रुपमा कफीका बगैंचा सुक्दै जान थालेको बताइएको छ । कार्यक्रममा कफीविज्ञ तथा सरोकारवालाले कफी नेपालको महत्वपूर्ण नगदेवाली भएको औंल्याउँदै तीनै तहका सरकारले कफीखेतीमा लगानी बढाउनुपर्नेमा जोड दिएका थिए । जिल्लामा कफीको क्षेत्रमा



काम गर्ने विभिन्न सरकारी निकाय तथा कफी सहकारी भए पनि उनीहरुबीच आपसी समन्वयको अभाव रहेको स्थानीय रुद्र खरेलले बताए । कफीमा काम गर्ने कार्यालय धेरै हुँदा पनि कफीखेतीमा कृषकहरुको सहभागिता घट्दै जान थालेको खरेलको भनाइ थियो । कफी अनुसन्धान कार्यक्रम बलेटक्सारका प्रमुख जनार्दन गौतमले विश्वमै स्वादका आधारमा नेपाली कफी सातौं स्थानमा पर्ने हुँदा नेपालको कफीको विश्व बजारमा राम्रो माग भएको जानकारी गराएका थिए । उनले बाँझो जमिनमा समेत कफीखेती गरेर राम्रो आम्दानी लिन सकिने हुँदा यस क्षेत्रमा किसानलाई थप प्रोत्साहित गर्नुपर्ने बताए ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## दलहरूको सक्रियता

आगामी फागुन २१ को निर्वाचन–तिथि नजिकिँदै गर्दा एकपछि अर्को गरी राजनीतिक गतिविधिहरू भइरहेका छन् । दलमा आफू र आफ्नो टिमलाई स्थापित गर्ने गरी सबैजसो दलमा गतिविधि भइरहेका छन् । यसले मुलुक नजानिँदो गरी निर्वाचनतर्फ अग्रसर भइरहेको प्रतित हुन्छ । तोकिएकै समयमा निर्वाचन होला वा नहोला त्यो आफ्नो ठाउँमा छ तर, मुलुकका गतिविधिहरूलाई निर्वाचनले निर्देशित गर्न थालेको प्रस्ट देखिन्छ ।

विशेष गरी नेपाली काँग्रेसले क्षेत्र, जिल्लाबाट उम्मेदवार सिफारिसको कामलाई तिव्रता दिएको छ भने नेकपा एमालेले संगठन बलियो बनाउन अधिवेशनलाई तिव्रता दिएको छ । १६ वाम घटक दलहरु मिलेर बनेको नेकपाले निर्वाचनका लागि एकता सन्देश सभालाई गाउँ गाउँमा पुऱ्याएको छ । दलहरूबिचको ध्रुवीकरण प्रक्रियाले समेत तीव्रता पाएको छ । आफूलाई भोलिको निर्वाचनमा स्थापित गर्न सहज हुने गरी दलहरूमा एकता भइरहेको छ । सरकारले चुनाव घोषणा गरेको सन्दर्भमा त्यसमा भाग लिन चाहने दलहरूको संख्या समेत बग्रेल्ती देखिएको छ । चुनावमा जति धेरैको इच्छा र सहभागिता भयो, त्यति नै लोकतन्त्र बलियो हुने हो । तर पछिल्लो परिस्थितिमा भने चुनावको मौका देखेरमात्रै लहलहैमा दलहरू खोलिएका हुन् कि भन्ने पनि देखिन्छ । त्यसो किनभने जति दलहरू निर्वाचन आयोगमा दर्ता भए, तीमध्ये सबैले चुनावमा भाग लिने पनि देखिएन । आयोगमा १ सय ४३ दल दर्ता छन् । तर आसन्न निर्वाचनका लागि सबै दल मैदानमा छैनन् । दुई दर्जनभन्दा बढी दलले चुनाव लड्ने गरी आफूलाई आयोगको प्रक्रियामा लगेनन् । लोकतन्त्रका लागि सुखद पक्ष होइन । दल दर्ता गर्नु तर जनतामा जान डराउनु कत्ति सुखद होइन । लोकतन्त्रमा त जनताका लागि चुन्ने धेरै छनोटका अवसर भएकै जाती हो । पुराना दलले आफूलाई सच्चिएको देखाउनु र नयाँ दलले जेनजी आन्दोलनबाट देखापरेको नौलो क्षितिजमा आफूलाई उदीयमान गराउनुपर्ने चुनौतीपूर्ण घडी यतिबेला देखिएको छ । त्यसैले मिल्न सक्नेहरू मिल्ने, धुवीकरण गर्नेहरू शक्ति सञ्चय गर्नुपर्ने अवस्थामा मुलुक छ। यसै पनि हाम्रा निर्वाचनमा सरकारमा रहेकाहरू पराजित हुने मानसिकता छ । तर, मुलुकमा निर्वाचन प्रयोजनको अन्तरिम सरकार भएकाले आ–आफ्नो भविष्य छिनोफानो गर्न दलहरू सक्रिय भएर लाग्न जरुरी छ ।

### Opinion @ Socia Network

मनै चसक्क हुने गरि भन्नेहरूको मुख
बन्द गर्ने दिन हाम्रो पनि कसो नआउला र !

*(मोहन थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Mohan.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# देशमा देखिएको आजको राजनीतिक परिदृश्य



## कृष्ण बोहरा

***उचित ठाउँमा उनीहरुलाई नै काम दिनुपर्छ । यसो नगरी हाम्रा पुराना नेतृत्वले सिआइबी जस्तो संस्थालाई पनि कार्यकर्ता भर्ती गर्ने ठाउँ बनाए । विश्वविद्यालय शिक्षालयहरूमा यसैगरी कार्यकर्ताहरु भर्ती गरियो । जसले गर्दा न हाम्रा विश्वविद्यालयहरू राम्रोसँग चल्न पाएका छन् । न देशको पक्षमा सूचना दिने संस्थाले सही सूचना दिनसकेको छ । बरु विदेशी जासुसी संस्थाहरूको प्रभाव हाम्रो राज्य यन्त्रको चारैतिर प्रभाव जमाउन सक्षम बनेको छ ।***

जुन कुरा मान्न कतिपय मानिसहरू तयार छैनन् त्यही कुरा भैरहेको छ यहाँ । घटना र परिघटनाहरूको निर्माण अन्तर्विरोधहरुकै कारणले हुने गर्छन् । नयाँ र स्वतन्त्र मेयरहरुले देशका दुई तीन वटा नगरपालिकामा जितेसँगै काठमाडौंका मेयर बालेन शाहलाई पनि नयाँ केही गरौं भन्ने लाग्यो । केन्द्रीय सत्ताले स्थानीय स्वायत्त अधिकार कानुनको समेत धज्जी उडाउँदै महानगरपालिकालाई नत्थी लगाउन र उसलाई असफल बनाउन हरसम्भव कोसिस गर्यो। महानगर भित्र यहाँको आदिवासी नेवारहरूको समेत वाही वाही पाएका बालेनले पनि आफ्नो सम्पूर्ण साधनस्रोत बुद्धि प्रयोग गरी केन्द्रीय सरकारको बिरुद्धमा जाइलाग्न आन्तरिक रुपमा तयारी अवस्थामा नै भएको भन्ने बुझियो । भ्रष्टतन्त्रको जग आफैंमा मक्काएर कामै नलाग्ने भएको थियो । पार्टी पार्टीहरु बीचको अन्तरविरोध पनि पेचिलो बनेकै थियो । राजावादीको आन्दोलन भर्खरै मथ्थर भएजस्तो भएतापनि आन्तरिक रुपमा बदलाव र टकरावको अवस्था छँदै थियो । सामाजिक संजाल बन्द गर्नु सबैको आक्रोशको बिषय बन्यो । बिशेष गरेर जेनजी समूह त्यसबाट बढी प्रभावित बने। भाद्र २३ र २४ गतेको आन्दोलन त्यसैको पेरिफेरीमा भएको बुझियो । पुराना परिवर्तन नहुने संस्कार बोकेकालाई यसले सबक महसुस गराएको छ । तर पनि नयाँ पुस्तामा नेतृत्व हस्तान्तरण एउटा समस्याको बिषय छँदैछ। पार्टीहरु भित्र आफ्ना शिर्ष नेतृत्वको बिरुद्ध नेतृत्व खोसेर लिनसक्ने ल्याकत युवा नेताहरुमा पनि देखिँदैन। नयाँ केही गरौ भन्ने भावना भएका पार्टीहरु भित्रैका नयाँ पुस्ताले नेतृत्व हातमा लिनु भन्ने समयले आदेश गरेको जस्तो बुझिन्छ । बाहिरका जेनजीहरु कुहिरोको काग जस्तै अलमलिरहेको हामी सबैले देखेकै छौं। न कुनै नेतृत्व न पार्टी न कुनै नीति सिद्धान्त केही पनि छैन । जेनजी एउटा उमेर समूहको नाम मात्र हो । उनीहरु भ्रष्टीकरणको बिरुद्ध स्वत: स्फुर्त उठेका थिए । आन्दोलन शान्तिपूर्ण गर्ने भन्ने थियो । कुनै विध्वंस गर्ने त योजना नै थिएन । भइ दियो पुराना बुढाहरुको सत्ता ढाल्ने आन्दोलन । सत्तासीन सबैलाई आर्मीको हेलिकप्टरमा भाग्नुपर्ने अवस्था बनाइदियो । तैपनि जेनजीहरुलाई राजनीतिमा चासो समेत थिएन । नयाँ गर्न नयाँ सोच नयाँ उमंग र नयाँ चाहनाको आवश्यक पर्छ । हर्क, बालेन, गोपी हमाल, कुलमान, महावीर पुनको लाइनमा काम गर्ने नेतृत्व भएमा देशले छिट्टै काँचुली फेर्न सक्छ भन्ने पाठ पनि नयाँ युवाहरुलाई आजको परिस्थितिले सिकाएको देखिन्छ ।

**देशमा देखिएको आजको राजनीतिक परिदृश्य :** नियालेर हेर्दा नेपालको अहिलेको परिदृश्य यस्तो छ । विस्थापित सत्ताधारी पुराना नेतृत्व जेन्जी आन्दोलनलाई सम्पूर्ण रुपमा विदेशीहरूको इसारामा भएको आन्दोलन भनिरहेका छन् । नयाँ युवा पंक्तिहरू भ्रष्टतन्त्रको जग हल्लाउने गरी भएको यो आन्दोलनलाई भ्रष्टतन्त्रको विरुद्ध भएको आन्दोलनको रुपमा यसलाई व्याख्या गर्छन् । पुरानो पार्टीहरू एकले अर्कोलाई दोषारोपण गर्न पनि लागि परेको देखिन्छ। जनसाधारणको ठूलो पंक्ति पनि विभाजित भएको देखिन्छ। कसैले यसलाई विदेशीको इशारामा भएको आन्दोलन भनिरहेका छन्। कसैले ओलीतन्त्रलाई यसको दोष थोपरिरहेका छन् भने एउटा ठूलै हिस्सा बालेन र युरोपियन युनियन तथा सिआइएको उक्साटमा भएको आन्दोलनको रुपमा व्याख्या विश्लेषण गर्ने गर्छन् ।

**विदेशी हस्तक्षेपको सम्बन्धमा एउटा धारणा :** हाम्रो देश नेपालमा विदेशी हस्तक्षेपको कुरो गर्दा छिमेकी देश भारत, युरोपियन युनियन र विश्वशक्ति राष्ट्र अमेरिका नेपालमा प्रभाव पार्न र रणनीतिक रुपमा नेपाली भूमिमा खेल्न उनीहरुलाई मनपर्छ । यसको मुख्य कारण उत्तरतिर रहेको शक्तिराष्ट्र चीनको विरुद्धमा पश्चिमा राष्ट्रहरू विशेष गरेर केन्द्रीकृत भइरहेका छन् । फ्री तिब्बतको नारा उजगार गर्न तिब्बती शरणार्थीहरूलाई तिखारी रहेका छन् । यो उनीहरूको आजको मात्र योजना होइन, उहिले देखि कै हो । यसलाई निस्तेज पार्न राजा वीरेन्द्रले असंलग्न परराष्ट्र नीतिको अवलम्बन गरेका थिए । यस्तो तटस्थताको नीति नेपाल जस्तो दुईटा शक्ति सम्पन्न देशको बीचमा रहेको सानो देशको लागि निकै महत्वपूर्ण कुरा हो । यो बडामहाराज पृथ्वीनारायण शाहको दिव्य उपदेशमा पनि उल्लेख भएको कुरा नै हो । अर्को कुरा देशको सुरक्षाको लागि गुप्तचर निकायको पनि भूमिका महत्वपूर्ण हुन जान्छ । नेपालको सेनाले धेरै पहिलेदेखि नेपालको सत्ताधारीहरूलाई देशको हालत नाजुक भएको कुरा उल्लेख गरेका थिए । सम्भाब्य घटनाको सूचना पनि नआएको होइन । सो कुरालाई सरकारको शीर्ष भागमा बस्ने नेतृत्वले नपत्याएको र टेरपुच्छर नलगाएकै हो । स्वतन्त्र रूपमा काम गर्ने नेपालको गुप्तचर निकायलाई प्रधानमन्त्रीको मातहतमा ल्याएर राख्ने काम पनि गलत थियो। झन् कुनै सिप दक्षता नभएका कार्यकर्तालाई जागिर दिन यस्तो संवेदनशील संस्थामा समाविष्ट गर्नु लापरवाहीको पराकाष्ट थियो । भाद्र २३ आइपुग्दा समेत प्रधानमन्त्री सूचनाविहीन बनेकै हुन । कसैलाई नटेर्ने बानी भएका हाम्रा निवर्तमान प्रधानमन्त्रीले बच्चालाई आन्दोलन गर्न नसक्ने दुधमुखे भनेर खिल्ली उडाएका थिए। उनैलाई भोलिपल्ट आफ्नै यो बानी अभिशाप बन्यो ।

**राजनीतिक नेतृत्वले बुझ्नुपर्ने कुरा**
देशभित्रका जुनसुकै सृजनशील दक्ष र जनतामा प्रभाव पार्न सक्ने व्यक्ति सबैलाई आवश्यक हुन्छ। त्यो ! सिआइए युरोपियन युनियनका गुप्तचर निकाय सबैका दृष्टि उनीहरुमा परेकै हुन्छ । उनीहरुलाई कसले प्रयोग गर्ने भन्ने कुरा चाहिँ महत्वपूर्ण हो । देशभित्रको राजनीतिक नेतृत्वले हर्क बालेन गोपी हमाल कुलमान घिसिङग महावीर पुन जस्ता महत्वपूर्ण व्यक्तिहरुलाई राज्यको पक्षमा देश हितको लागि प्रयोग गर्नुपर्ने हुन्छ । यदि यसो गर्न सकिएन भने घुमाउरो ढंगले अरुले पनि प्रयोग गर्ने नै छन् । सबैलाई विदेशी एजेन्टको ट्याग पहिराएर समस्याको समाधान हुनेवाला छैन ।

**पुराना राजनीतिक नेतृत्वका नकारात्मक पक्ष :** सर्वसाधारण सबैको सोझो आँखाले हेर्दा स्वतन्त्र मेयर बालेन शाहले सार्वजनिक जग्गा मिच्ने अतिक्रमण गर्नेका घर टहरा भत्काउनु कानुन अनुसारकै काम हो। उनले त राज्यलाई सघाएको नै देखिन्छ तर यसैलाई राजनीतिक नेतृत्वले नकारात्मक रुपमा हेर्न थाल्यो । यसको कारण हो यसरी जग्गा मिच्ने काम नेतृत्व पंक्तिका आफ्नै नेता कार्यकर्ता र सहयोगी चन्दा दाताहरू थिए । आँखा चिम्म चिम्लेर शीर्ष नेतृत्वले मेयर बालेनले गरेको कानुन सम्मत त्यस्ता कामलाई प्रोत्साहन दिँदै समर्थन गरेको भए बालेन स्वयं राजनीतिक नेतृत्वको पक्षमा नै हुने थिए । अथवा जनसाधारणको ठूलो पंक्ति त्यतिखेर सरकारको पक्षमा हुने थियो । घुसखोरी र भ्रष्टाचारको विरुद्ध नेतृत्व लागिपरेको भए नेतृत्व स्वयं हाइ हाई हुने थियो । यहाँ कुनै विदेशी इशारा नाकाम सिद्ध हुने थियो। त्यो काम हाम्रो नेतृत्वबाट नभएकै हो ।

**अबको बाटो :** हाम्रा पार्टीहरू भित्र विचार र सिद्धान्तको कुनै कमी छैन। नभएको काम मात्र हो । नैतिकता र काम गर्ने उत्कट चाहनाको कमी हो । यो कुरालाई मध्यनजर गरी युवा पंक्तिका नेताहरूले शीर्ष नेतृत्वलाई खबरदारी गर्नैपर्छ । उहाँहरुले नयाँ र असल कामको लागि लागिपर्नुपर्ने हुन्छ । ती असल कामहरू भनेको पहिलो काम नै भ्रष्टाचारलाई न्यूनीकरण गर्नु हो। घुसखोरी हटाउन कर्मचारीतन्त्रमा व्यापक फेरबदल गर्नु आवश्यक छ । उद्योग धन्दाहरू व्यापक रुपमा खोल्दै जाने र विदेश पलायन भइरहेका युवाहरुलाई देशभित्रै रोजगारीको व्यवस्था गर्दै जानुपर्ने आवश्यक छ । कृषि क्षेत्रको समस्याहरू समाधान गर्न कृषक समूहहरू स्वयंलाई कृषि नीति बनाउनलाई समावेश गराउनु आवश्यक छ। हरेक क्षेत्रमा काम गर्नेको उचित मूल्यांकन प्रोत्साहन र बढोत्तरी गर्ने र काम नगर्ने ठगी गर्नेलाई निरुत्साहित गर्दै लाने परिपाटी बसाउँदै लानु आवश्यक छ ।

**कार्यकर्ता भर्ती केन्द्र बन्द गरिनुपर्छ**
संघसंस्था सबैतिर कार्यकर्ता भर्ती गर्ने होइन सक्षम र दक्ष व्यक्तिहरू लोकसेवा आयोगको माध्यमबाट पूर्ति गर्ने व्यवस्था गरिनुपर्छ ।

आफ्नो होइन राम्रा मान्छेहरु छनोट गरी काम दिनुपर्छ। विज्ञ व्यक्तिहरूको समूहलाई प्रोत्साहन गर्नुपर्छ । उचित ठाउँमा उनीहरुलाई नै काम दिनुपर्छ । यसो नगरी हाम्रा पुराना नेतृत्वले सिआइबी जस्तो संस्थालाई पनि कार्यकर्ता भर्ती गर्ने ठाउँ बनाए ।विश्वविद्यालय शिक्षालयहरूमा यसैगरी कार्यकर्ताहरु भर्ती गरियो । जसले गर्दा न हाम्रा विश्वविद्यालयहरू राम्रोसँग चल्न पाएका छन् । न देशको पक्षमा सूचना दिने संस्थाले सही सूचना दिनसकेको छ । बरु विदेशी जासुसी संस्थाहरूको प्रभाव हाम्रो राज्य यन्त्रको चारैतिर प्रभाव जमाउन सक्षम बनेको छ। राजा महेन्द्रको शासनकालमा देशका सूचना विदेशीलाई बेच्नेलाई राजद्रोहको अपराधमा ठाउँको ठाउँ कारबाही हुने चलन थियो। यसले गर्दा विदेशी गुप्तचर निकाय निस्तेज बन्दै गएको थियो। अहिलेको अवस्था त्यस्तो छैन। उनीहरूको लागि यहाँको राजनीतिक अवस्था वातानुकुलित बनेको छ। कमसेकम राम्रो कुरा त राजाबाट पनि सिकौन । अदालत जस्तो निष्पक्ष हुनुपर्ने निकायमा समेत पार्टीका कार्यकर्ता भर्ती गर्ने नियम बसालेकाले अदालत निष्पक्ष हुन सकेको छैन । त्यसको प्रभाव जनतामा नराम्रो परेको छ । जसले गर्दा पनि आम जनता नकारात्मक र आक्रोशित बनेका छन् ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : शरीरमा स्फूर्ती रहनाले मन प्रसन्न रहनेछ।सुखद भेटले मनमा आनन्द छाँउनेछ।

**वृष** : खर्चगर्दा सोच बिचार पुर्याउनुहोला। चिन्ता र तनावको वातावरण बन्नेछ।

**मिथुन** : घर परिवारमा खुशी साटा साट हुनेछ।अप्रत्याशित समाचार आउन सक्छ।

**कर्कट** : कार्यक्षेत्रमा सहकर्मीहरुको साथ मिल्नेछ। मन प्रफुल्लित रहनेछ।

**सिंह** : धार्मिक तिर्थस्थलहरूमा भ्रमणका योग रहेका छन्। धर्मकर्ममा विशेष मन जानेछ।

**कन्या** : पेट सम्बन्धि समस्याले सताउन सक्छ। खानपानमा विशेष ध्यान दिनुहोला।

**तुला** : प्रियजनसँग भेटघाटले मनमा हर्ष र उल्लास छाईरहनेछ।

**वृश्चिक** : यहाँहरुको लागि आजको दिन सामान्य रहेको छ।

**धनु** : भाग्य वृद्धि हुनाले मान सम्मान र यश मिल्नेछ। शत्रुहरु पराजित हुनेछन्।

**मकर** : मुहारमा कान्ति दिनभरी रहनेछ। भोगविलासमा मन प्रफुल्ल रहला।

**कुम्भ** : परिवार र आफन्तको सहयोग मिल्नेछ। साहित्यमा मन लागिरहला।

**मीन** : मिष्ठान्न भोजन ग्रहणको सुअवसर प्राप्त होला । मनमा प्रसन्नता छाउने छ।

# साहित्य दर्पण

छोटो कथा ● सुमन सिग्देल

## पाल्मोकी आमा



सासू-ससुरा खुशी थिए, ससुरा चिया पसलमा भन्दै हिँड्थे- "बुहारी कजाउनेले गरिखाँदैन । सकुञ्जेल त आफैं पनि काम गर्नुपर्छ ।" सासू धारा-पँधेरा र आफन्तको घरमै पुगेर भन्थिन्- "बुहारी कहाँ हुन्छ छोरी हो ।" अहिले छोरी जसरी राखे पनि बुढेसकालमा आमा झैं माया गर्छन् । परदेशी छोरोले घर बनायो, बिहे गऱ्यो । गाउँलेहरू भन्थे- "प्रगति त त्यो पो हो ।" बुहारी पनि मेला-पात सबै गर्न सक्ने बिहे गऱ्यो । गजब गऱ्यो लाहुरेले । भएका पैसा सकिँदै गयो, चिम्सेकी आमा पाउने भइन् । परदेशी श्रीमान् परदेशिए । वर्षाको पानीमा रुँदै, पेटमा बच्चा र घाँसको भारी बोकेर गाउँ-बेसी गरिरहिन् । कहिलेकाहीँ रिँगटा लाग्दा 'मर्छु कि' जस्तो लाग्थ्यो उनलाई । आलस्य पनि लाग्थ्यो ।

टाढा भीमडाँडाको टुप्पाबाट बग्दै आएको पानीलाई नियाल्छिन् । आकाश बादलले ढाकिएको छ । उनी स्मृतिको लामो लहरबाट बिउँझिन्छिन् र फेरि चिम्से पाल्मोलाई सम्झिन्छिन्–"कतै अझै भोकै त छैन ? रुँदै त छैन ?" तीज पनि सकियो, पाल्मोलाई बोकेर पाल्मोकी आमा पञ्चमी नुहाउने बित्तिकै घर आइपुगेकी छिन् । सासू टाउकामा राम राम लेखेको पहेंलो फेटा बाँधेर मजेरीको छेउमै सुकुलमा सुतेकी छिन् । ससुरा साँझको दूध डेरीमा पुराउन गएका, उतै चिया पसलको गफको रन्कोमा छन् । पाल्मोकी आमाले सासूलाई बोलाइन्- "आमा, आमा" । सासूले नसुनेझैं गरी निदाएको स्वाङ पारिन् । सासू चाहन्थिन्, पाल्मोकी आमा तीजमा माइत नजाओस् किनकि उनको माइतीमा जूठो परेको थियो अनि गोठमा लैनो भैंसी । भरखरकी सुत्केरी भैंसीले यति खान्थ्यो, एक भारी घाँस एक बिहानमै सखाप । हुन त चिम्सेकी आमाले दुई भारी घाँस काटेर, बिहानको खाना पकाई, चूलो लिपपोत सकी, बच्चाहरूलाई तयार पारेर माइत गएकी थिइन् । सासू-ससुरा बिहानै उठ्थे । पूजा-पाठ र बिहानको नित्यकर्म गरी चूलोमा चियाको चुस्की लगाउँदै गर्दा चिम्सेकी आमा उठ्थिन् । घाम छानामाथि आउँदासम्म सुत्ने सासूको कर्कश आवाजले, एकछिनअघि भजन निस्किएको मुखबाट चिम्सेकी आमाप्रतिको कटाक्ष निस्कन्छ । ससुरा मुन्टो चूलामा फर्काउँदै "के जमाना" भन्छन् र मौन हुन्छन् । आमा उठेकी छिन्, मै पाल्मो बिउँझन्छ । उमेरले दुई वर्ष पुग्नै आँटेको पाल्मो, चिम्से चिम्से, कहिले यता कहिले उता कुदिरहन्छ । आमा घाँस जाँदा बारीको कान्लासम्म कुद्दै जान्छ । आमा ओझेल नपर्दासम्म एकोहोरो रोइरहन्छ । रुँदा-रुँदा जब थाक्छ, तब बारीको माटोमा केही कमिलाको ताँती देख्छ र शान्त हुन्छ । खरबारीको तल खोचमा ठूलो खोला छ, नामै ठूलो खोला । वर्षामै देखेर कसैले त्यो खोलाको नाम 'ठूलो खोला' राखेको हुनुपर्छ, नत्र हिउँदमा त कमिला पनि तर्छेझैं हुन्छ । छेउमै नाम्लो र हँसिया राखेर, ठूलो खोला उर्लिंदै आएको हेर्दै छिन् चिम्सेकी आमा । "यो खोला बग्दै कति दिनमा सागर पुग्छ होला, त्यही सागरको कुनै किनारामा त छौ होला नि है, तिमी"- मनमनै उनलाई सम्झिरहेकी छिन् । ती दिनहरू सम्झिन्छिन्, जुन भरखर-भरखर विवाहपछिका थिए । सासू-ससुरा खुशी थिए, ससुरा चिया पसलमा भन्दै हिँड्थे- "बुहारी कजाउनेले गरिखाँदैन । सकुञ्जेल त आफैं पनि काम गर्नुपर्छ ।" सासू धारा-पँधेरा र आफन्तको घरमै पुगेर भन्थिन्- "बुहारी कहाँ हुन्छ छोरी हो ।" अहिले छोरी जसरी राखे पनि बुढेसकालमा आमा झैं माया गर्छन् । परदेशी छोरोले घर बनायो, बिहे गऱ्यो । गाउँलेहरू भन्थे- "प्रगति त त्यो पो हो ।" बुहारी पनि मेला-पात सबै गर्न सक्ने बिहे गऱ्यो । गजब गऱ्यो लाहुरेले । भएका पैसा सकिँदै गयो, चिम्सेकी आमा पाउने भइन् । परदेशी श्रीमान् परदेशिए । वर्षाको पानीमा रुँदै, पेटमा बच्चा र घाँसको भारी बोकेर गाउँ-बेसी गरिरहिन् । कहिलेकाहीँ रिँगटा लाग्दा 'मर्छु कि' जस्तो लाग्थ्यो उनलाई । आलस्य पनि लाग्थ्यो । एक किसिमले त उनी छिट्टै खुशी हुन्थिन्, छिट्टै रुन्थिन् । कहिलेकाहीँ एक किसिमको डर पैदा हुन्थ्यो, श्वास जोडले यसै बढ्थ्यो । थकाइ लाग्दालाग्दै पनि कति रातहरू उनी निदाउन सकिनन् । सोच्दासोच्दै बिहान हुन्थ्यो, अनि बिहानको निद्रामा एकछिन निदाउँथिन् । बिउँझँदा सासू-ससुराका लागि त्यो आधा दिनझैं हुन्थ्यो । आजभोलि पनि अनिद्रा उस्तै हो तर नियति फरक । पाल्मो किन हो, मध्यरातमा यसै जोडले रुन्छ । दिनभरको गाउँ-बेसी थाकेको शरीर, तर निदाउन खोज्दा पनि निदाउन नमिल्ने । गर्भमा हुँदा मन अशान्त थियो, आफैं निदाउन सकिनन्, जब बच्चा भयो, उसले निदाउन दिएन । उनी फेरि सोच्छिन् पहिलाकै जस्तै जीवन भए कति राम्रो हुन्थ्यो । अस्ति-भरखरझैं लाग्छ, आमाको काखमा लुटुपुटु गरेर सुतेको । सुत छोरी, सुत..." भन्दै आमाले टाउको कनाइदिनु भएको सम्झिन्छिन् । आमाको अँगालोबाट आउने एउटा विशेष बास्ना उनलाई निकै मन पर्थ्यो । पछि मात्र उनले थाहा पाइन् त्यो बास्ना वास्तवमा पसिनाको गन्ध थियो । जसरी आज पाल्मोले उनको गालामा हात लगाउँदै निदाउँछ, त्यति बेला उनी पनि ठ्याक्कै त्यस्तै थिइन् । आजभोलि उनलाई लाग्छ–दिनहरू फगत बितिरहेका छन् । परदेशी पतिको पर्खाइ र पाल्मोकै लागि उनी अझै जीवनको गह्रुङ्गो भारी बोक्दै हिंडिरहेकी छन् । उनी थाक्छिन्, गल्छिन्, मनभित्र पीडाका पहाडहरू थुप्रिएका छन् । तर जब चिम्से छेउमा आएर 'आमा' भन्दै निचिक्क हाँस्छ, तब उनका सबै दुःख-पीडा हराउँछन् शरीरको पीडा होस् या मनको । सोच्दै-सोच्दै उनी एक्कासि चिसो हावाले झल्याँस्स हुन्छिन् । टाढा भीमडाँडाको टुप्पाबाट बग्दै आएको पानीलाई नियाल्छिन् । आकाश बादलले ढाकिएको छ । उनी स्मृतिको लामो लहरबाट बिउँझिन्छिन् र फेरि चिम्से पाल्मोलाई सम्झिन्छिन् "कतै अझै भोकै त छैन ? रुँदै त छैन ? के भएको होला ?"

*-साहित्यपोस्ट डटकम*

निबन्ध ● चिरञ्जीवी दाहाल

## बाँसुरीको धुनले आगो निभ्दैन

रोमन साम्राज्यका तत्कालीन सम्राट नीरोको नाम नसुन्ने सायदै कम हुनुपर्छ । उनको नाम सुन्नासाथ सबैको मनमा एउटा चित्र आउने गरेको छ , आगोमा दन्किरहेको रोम र त्यही आगोको राप छेउमा बाँसुरीको तान छेड्दै मुस्कुराइरहेको एउटा सन्की शासक नीरो । नीरो त्यही व्यक्ति हुन् जसलाई इतिहासले क्रुर, सन्की, स्वार्थी र गैह्र जिम्मेवार शासकको रूपमा संसारलाई परिचित गरायो । नीरो साच्चै उल्लेख गरेजस्तै थिए या उनलाई बिना आधार यो पगरी गुथाइएको हो ? यो भने इतिहासको पानामा विस्तृतसँग उल्लेख गरिएकै छ । इतिहासले मूल्याङ्कन गरिसकेको विषय भएकोले यस विषयमा म थप चर्चा गर्न चाहन्न । मैले चर्चा गर्न लागेको विषय भने नीरोको कुख्यातिका लगि प्रमुख भूमिका निभाउने बाँसुरीको विषयमा हो । जसलाई इतिहासले बिर्सिएको छ । मेरो मनमा एउटा प्रश्नले सधैं घर गरिरहेको हुन्छ, रोम शहर जलिरहेको समयमा नीरोले बजाएको त्यो बाँसुरी कस्तो थियो ? अहिले कता होला ? कस्तो अवस्थामा होला ? वा अहिले त्यो अस्तित्वमा छैन ? नीरोको विषयमा विश्व इतिहासले अनगिन्ती शब्दहरू खर्चिएको पाइन्छ तर पनि त्यस बेला बजाइएको त्यो चर्चित बाँसुरीका बारेमा इतिहास मौन देखिन्छ । "रोम जलिरहँदा नीरोले बाँसुरी बजाइरहेका थिए ।" मलाई लाग्छ, यतिले मात्र बाँसुरीको वर्णन पूरा हुँदैन । नीरोले बजाउने गरेको बाँसुरीको पूर्ण ब्याख्या किन कतै फेला पर्दैन ? त्यस बाँसुरीका विषयमा मेरो मनमा किन यतिविधि प्रश्न उठिरहन्छन् ? रोम जलिरहँदा लापरवाह बनेको अभियोग नीरोलाई लगाइएपछि बाँसुरीको पनि विस्तृत विवरण दिइएको भए कसको के बिग्रन्थ्यो ? इतिहासले नीरोका विषयमा मात्र चर्चा गरेर बाँसुरीलाई चटक्कै किन बिर्सियो ? के इतिहास पदासीनहरूको मात्र लेखिन्छ ? चाहे ऊ सन्की, क्रुर र निर्दयी नै किन नहोस् ! त्यसैले नीरोको इतिहास लेख्नेहरूले बाँसुरीका विषयमा लेख्न कञ्जुस्याइँ गरेकै हो । लाग्छ, रोम जलिरहँदा नीरोको हातमा त्यो बाँसुरी नभइदिएको भए इतिहासले नीरोलाई यति बिधि निन्दा गरेर चित्रण नगर्न पनि सक्थ्यो । न त उनले तीस वर्षको युवावस्थामा आत्महत्या गर्नुपर्ने थियो ! नीरोले आत्महत्या गर्नुअघि बाँसुरीलाई पूर्णरूपमा दोषी मान्दै कच्याककुचुक बनाएर आत्महत्या गरेका थिए वा आत्महत्या गर्ने समयमा उनलाई बाँसुरीको पटक्कै याद आएन ? त्यो कुरा इतिहासमा कतै उल्लेख गरिएको छैन । हुनसक्छ बाँसुरीको ब्याख्या गरिएको इतिहास मैले फेला पार्न सकिन ! त्यस बखत रोममा भएको त्यो आगलागीले नगरको सत्तरी प्रतिशत भाग ध्वस्त पारेको र आधा जनसंख्यालाई घरबारविहीन बनाएको घटना इतिहासमा उल्लेख गरिएकोले त्यसलाई असत्य मान्न पनि मिल्दैन । घटना जे जस्तो भएपनि नीरोलाई बदनाम गराउने बाँसुरी नीरोको मृत्युपछि पनि अस्तित्वमा रहिरहन सक्यो वा सकेन, मेरो मनमा हरहमेसा उठिरहने प्रश्न यही हो । जतनसँग राखिएको भए त्यो बाँसुरी आजसम्म पनि ज्युँका त्युँ हुनसक्छ । होइन, नीरोलाई आगलागीको अवस्थामा स्वार्थी र लापरवाह बनाउन प्रमुख भूमिका खेलेको आरोपमा बाँसुरी त्यतिबेलै नष्ट गरिएको वा रोम जलेको आगोको भुङ्ग्रोमा राखेर जलाइएको पनि हुनसक्छ । आखिर त्यो सर्बसाधारण व्यक्तिले बजाउने बाँसुरी थिएन । रोमन सम्राटले प्रयोग गर्ने गरेको वस्तु विनसित्तै गायव पारिएको वा नष्ट गरिएको हुनसक्ने आधार पनि त देखिदैन ! सम्राटको बाँसुरी कस्तो थियो होला ? के त्यो आल्मुनियम, ताँबा वा पित्तलको हुनसक्छ ? कि सुनको थियो ? वा बाँसुरीमा हिरामोती समेत जडान गरिएको थियो ? त्यो पनि नभए बाँसुरी साधारण बाँस र निगालोको पनि हुनसक्थ्यो तर यस्तै थियो भन्ने न आधार छ न कुनै प्रमाण ! बाँसुरीको लम्बाई, मोटाई र त्यसमा भएका प्वालहरू कति र कस्ता थिए ? एउटा प्वाल देखि अर्को प्वाल बीचको दुरी कति थियो ? आजभोलि चलन चल्तीमा आएको बाँसुरी सोही चर्चित बाँसुरीको हुबहु नमुना हो वा केही फरक प्रकारले विकसित गरिएको हो ? कि कतै बाँसुरीको पूर्वज नै सोही बाँसुरी थियो ? यसरी मैले बाँसुरीका विषयमा चाहिनेभन्दा धेरै समय र सोचाइ खर्च गरिसकेको छु । यदि नीरोको इतिहास लेख्दा बाँसुरीको पनि लेखिएको भए मैले यति धेरै सोच र समय खर्च गरिरहनु पर्ने थिएन । न त यस्ता मनगढन्ते अनुमान नै गर्नुपर्ने थियो ! किन किन मलाई नीरोको विषयमा इतिहास लेख्ने इतिहासकारसँग यही गुनासो छ । रोम शहर जल्दा जति दोषी नीरो थिए त्यति नै दोषी त्यसबेला बज्ने बाँसुरी नहुनुपर्छ । किनकि बाँसुरीसँग कुनैपनि निर्णय गर्न सक्ने क्षमता हुँदैन । नीरो उठेर आगो नियन्त्रण गर्ने प्रयास गरिरहँदा बाँसुरीले उठ्न नदिएको पक्कै होइन । बाँसुरी विल्कुल निर्जिव वस्तु हो । नीरोले चाहेको भए हातको बाँसुरी तत्काल मिल्काएर आफ्ना सेनालाई आगो निभाउने उर्दी जारीगर्न सक्थे । हुन त भुइँचालोमा घर भत्किन लाग्दा घरमूलीसँग अनुमति लिएर घर बाहिर भाग्ने गरिँदैन । रोममा लागेको आगो निभाउने जिम्मेवारी नीरोको मात्र नभइ सर्वसाधारण जनता, भाइभारदार र सेनाको पनि हुन्थ्यो । तर पनि इतिहासले भने आगलागीको मुख्य दोषी नीरोलाई मात्र मानेको छ । यथार्थमा नीरोको बाँसुरी त एउटा सामान्य वस्तु मात्र थियो । असली कुरा थियो, नीरोको सोचाइ । संसारमा नीरोको जस्तै सोचाइ हुने शासकहरू प्रसस्त हुनसक्छन् । फरक यति मात्र हो नीरो बाँसुरी बजाउन खप्पिस थिए । अन्य शासकहरू तवला र सारङ्गी बजाउन खप्पिस हुनसक्छन् । कुनै सहनाई र मृदङ्गका शौखिन हुनसक्छन् । कसैसँग कथा कहानी र उखान टुक्का सुनाउने शोख हुनसक्छ । कुनै शासक कविताका पारखी हुन सक्छन् तर इतिहासले नीरोको बाँसुरी बजाउने शोखको मात्र चर्चा गरेर उनलाई मात्र वदनाम गराउने प्रयास किन गरिएको हो ? मेरो कुतुहलताको विषय यही हो । त्यही बाँसुरीको चिन्ताले कुनै रात म निदाउन सक्दिन । घरीघरी मेरो मनले प्रश्न गरिरहन्छ , आखिर नीरोको त्यो बाँसुरी के भयो होला ? त्यो अचेल छ कि छैन ? यदि छ भने कस्तो अवस्थामा र कहाँ छ ? मेरो मनले भन्छ, त्यो बाँसुरी कुनै सङ्ग्रहालयमा पुरानो साम्राज्यको अवशेषको रूपमा सुरक्षित राखिएको हुनसक्छ । हिजोआज अनगिन्ती विदेशी पर्यटकहरूले फोटो खिच्दै र सोच्दै होलान्, "यही बाँसुरीका कारण रोम जलिरह्यो !" त्यहाँ ठूला ठूला अक्षरले लेखिएको लेखोट पनि सँगै हुनुपर्छ , " रोमन सम्राट नीरोको चर्चित बाँसुरी " त्यही लेखोटका कारण पर्यटकले सजिलै नीरोलाई जीरो बनाउने बाँसुरीको दृश्यावलोकन गरिरहेका होलान् । अथवा, त्यो बाँसुरी कुनै नाटकघरका कलाकारले प्रयोग गरिरहेका हुनसक्छन् । ऐतिहासिक नाटकलाई जीवन्त बनाउँदै । म त्यही बाँसुरीका विषयमा अनेक कल्पना गरिरहेको हुन्छु, अनेक सम्भावनाका बारेमा सोचिरहन्छु । मैले कल्पना गर्ने गरेका सम्भावनाहरू यतिमात्र छैनन् । कहिलेकाहीँ लाग्छ, नीरोको बाँसुरी हिजोआज कुनै प्रख्यात सङ्गीतकारको हातमा पुगेको छ । आजको आधुनिक समाजमा त्यही बाँसुरी "सपना पूरा गराउने बाँसुरी"को रूपमा पुनर्जीवित भएको हुनसक्छ । कुनै लोकप्रिय सङ्गीतकारले सोही बाँसुरीको प्रयोग गरेर शानदार धुन भरेर निकै चर्चित गीत सङ्गीतवद्ध गरिसकेको हुनसक्छ । बाँसुरीले पनि भन्दै होला, "समय परिवर्तनशील छ ! कहिले रोम जलाइयो, अहिले प्रेमको धुन बजाइयो ।" यान मुद्रामा म गहिरिएर सुन्छु, त्यो बाँसुरी आजभोलि यतै कतै बजिरहेको हुनुपर्छ । सो बाँसुरी यता आइपुगेको अनुमान त्यसै गरिएको भने होइन, वर्तमान समाज गैरजिम्मेवारी र उदासीनताको नमूना बन्दै गएको छ । अचेल राजनीति नामको बाँसुरीले बजाएको नयाँ धुनले हाम्रो कानलाई लठ्ठ बनाउने गरेको छ । तिनका अनेक प्रकारका नक्कली धुनले हामी मख्ख परिरहेका छौं । धुन सुन्नेहरू यति मख्ख छौं भने बाँसुरी फुक्ने हरूलाई झनै कस्तो अनुभुति भएको होला, यसै अनुमान गर्न सकिन्छ । जब समाज वास्तविक समस्याबाट जर्जर हुन्छ, तब राजनीति र राजनीतिका बाँसुरी बादकहरू बाँसुरी बजाउँदै आत्म प्रशंसामा मग्न भेटिन्छन् । भोकमरी, बेरोजगारी, शिक्षा, स्वास्थ्यको आगो जताततै बलिरहेको छ, तर उनीहरूको ध्यान त्यो आगो निभाउन होइन, आफ्नो कुर्सी मजबुत बनाउनतिर लाग्ने गरेको पाइन्छ । जब विकराल समस्या हाम्रो आँखा अगाडि चियाइरहेको हुन्छ, तब हामी बाँसुरीको धुनमा लठ्ठ परेर समस्यालाई बेवास्ता गर्न खोजिरहेका हुन्छौं । घर डुबेर नाकसम्म पानी आइपुगिसकेको हुन्छ, हामी उही शैलीमा बाँसुरीको राग सुन्न र सुनाउनमा व्यस्त हुन्छौं । यहाँ महङ्गीको आगो बलिरहदाँ पनि बाँसुरी बजिरहेको सुनिन्छ । गरिबी र अभावको आगो बलिरहेको छ । वेथितीको आगो बल्न लागेको निकै समय भइसकेको छ । यो धुनले धन कमाउने सपना साँचेर सन्तानलाई सात समुन्द्र पारी पठाएर एक्लिएका वृद्ध बाबुआमाका मनमा दन्किएको आगो निभाउन पनि सक्दैन । बाँसुरी वादक हरूलाई लाग्नसक्छ बाँसुरीको धुनले दन्किरहेको आगो नियन्त्रण गर्न सकिन्छ ! तर यो दिवास्वप्न मात्र हो, बाँसुरीको धुनले जलिरहेको शहर र मनमा बलिरहेको आगो निभाउन सकिदैन । इतिहासले सबैभन्दा लापरवाह उल्लेख गरेका नीरोले पनि यस्तो धुनले आगो निभ्न सक्छ भन्ने पक्कै सोचेका थिएनन् ! उनले त केवल बेवास्ता मात्र गरेका थिए । समय परिवर्तन भयो । वर्तमानले भने बेवास्ता सँगै बाँसुरीको धुनले आगो निभाउने छली कुरा गरेर समाजको आँखामा छारो हाल्ने प्रयास गरिएको देखिन्छ । बाँसुरीको धुन मजाले सुनाउनुस् र सुन्नुस पनि, तर मनोरञ्जनका लागि मात्र । समस्याले गाँजेको समयमा बजाइएको धुनले मनोरञ्जन होइन थप पीडा दिनसक्छ ! सम्झनुस्, "आगो निभाउन पानी चाहिन्छ, बाँसुरीको धुनले आगो निभ्दैन !"

*-समकालीन साहित्य डटकम*

# पाल्पाबाट नेपाली काँग्रेसले गऱ्यो उम्मेदवार सिफारिस



**पाल्पा,** मंसिर २६/नेपाली काग्रेस पाल्पाले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभाको प्रत्यक्ष, समानुपातिक र माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनतर्फका उम्मेदवारहरुको नाम सिफारिस गरेको छ । काँग्रेसले पाल्पा क्षेत्र नं. १ मा प्रतिनिधि सभाको प्रत्यक्षतर्फ सन्दिप राना र समानुपातिकतर्फ कृष्ण प्रसाद अधिकारीलाई सिफारिस गरेको छ ।

क्षेत्र नं. २ मा प्रतिनिधिसभातर्फ वर्तमान लुम्बिनी प्रदेस सदस्य विर बहादुर राना, पार्टी सभापति हिमालदत्त श्रेष्ठ, मिना पन्थी, कृष्ण प्रसाद बस्याल र डा. महेश्वरी कुवँरलाई सिफारिस गरेको छ भने समानुपातिकतर्फ राजन प्रसाद पन्त, सुनिता अधिकारी, बसन्ती घिमिरे र जमिला मिया रहेका छन् । पाल्पा क्षेत्र नं. १ का क्षेत्रीय सभापति झमन राजमगरको अध्यक्षतामा र पाल्पा क्षेत्र नं. २ का क्षेत्रिय सभापति मुक्तिराम जिसीको सभापतित्वमा बसेको बैठकले जिल्लाका प्रत्यक्ष र समानुपातिक तर्फका उम्मेदवारहरुको नाम अनुमोदनको लागि जिल्ला तथा प्रदेशमा सिफारिस गरेको हो । यस अघि २०७९ निर्वाचनमा काँग्रेस सहितको गठबन्धका उम्मेदवारलाई नेकपा एमालेका उम्मेदवारले पराजित गरेका थिए । पाल्पा क्षेत्र नं. १ मा नेकपा एमालेका नारायण प्रसाद आचार्यसँग नेपाली काँग्रेसका ज्ञान बहादुर गाहा पराजित भएका थिए भने पाल्पा क्षेत्र नं. २ मा नेकपा एमालेका उम्मेदवार ठाकुर प्रसाद गैरेसँग नेकपा समाजवादीका सोम प्रसाद पाण्डे पराजित भएका थिए । यस्तै काँग्रेसले राष्ट्रियसभा निर्वाचनका लागि पनि उम्मेदवार सिफारिस गरेको छ । जिल्ला कार्यसमितिको बैठकबाट राष्ट्रियसभा निर्वाचनका लागि १० जनाको नाम सिफारिस गरेको हो । आगामी माघ ११ गते सम्पन्न हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि १० जनाको नाम सिफारिस गरिएको नेपाली काँग्रेसका जिल्ला सचिव सन्तोष थापा मगरले जानकारी दिए । उनका अनुसार राष्ट्रियसभा निर्वाचनका लागि हरी प्रसाद नेपाल, महेन्द्र पाण्डे, विधान श्रेष्ठ, यमलाल तिमिल्सिना, माधव नेपाल, देवराज ढकाल, दान बहादुर पछाई, शोभा शाक्य, शुक्रराज भण्डारी र अम्बिका पौडेललाई सिफारिस गरिएको छ । त्यसैगर, बैठकमा पार्टीको क्रियाशील सदस्यताको बारेमा व्यापक छलफल गरिएको समेत उनले बताए ।

## पाल्पामा जिप...

...घाइते मध्ये ४ जनाको मध्यविन्दु प्रादेशिक अस्पताल डण्डा र ४ जनाको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ ।

चितवन मेडिकल कलेजमा उपचार हुनेहरुमा गम्भीर घाईते अवस्थामा रहेका मिना कुमारी सुनारी, सुन्दर सुनार, उनको छोरा लविस सुनार र छोरी प्रिन्सा सुनार रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । मध्यविन्दु प्रादेशिक अस्पताल डण्डामा उपचार हुनेहरुमा नेवराज खाम्चा, सालिन खाम्चा, नर बहादुर सुनारी र भुमिसरा सुनारी रहेका छन् । चिउरीबासमा उकालोमा यात्रु ओराल्दै गर्दा रोकिराखेको फोर्स जिप आफै व्याक भएर दुर्घटना भएको जनाइएको छ । जिप सडकबाट १२ सय मिटर तर खसेको थियो । सामान्य घाईते अवस्थामा रहेका चालकलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढाएको छ ।

## कफीखेतीमा जोड दिन...

...जिल्ला समन्वय समितिका प्रमुख द्रोणबहादुर खत्रीले गुल्मीलाई चिनाउने मुख्य आधार कफी नै भएको भन्दै यसको व्यावसायिक उत्पादन र प्रवर्द्धनका लागि स्थानीय स्तरबाट नै सबै जागरुक हुनुपर्नेमा जोड दिए । कार्यक्रमका सहभागी कफी कृषकले कफीको व्यावसायिक उत्पादनका लागि स्थानीय पालिकाले कृषकलाई टिकाइ राख्ने वातावरण बनाउन बिरुवा, छहारी व्यवस्थापन र प्राविधिक विषयमा स्थानीय तहले अनुदानका थप कार्यक्रम अघि बढाउनुपर्ने सुझाव दिए । किसानले प्रत्येक पालिकाले वार्षिक रुपमा कम्तीमा पाँच हजार कफीका बिरुवा रोपण कार्यक्रम अघि बढाउनुपर्ने, कफी उत्पादक कृषकले कफीखेतीमा देखिएका समस्या, प्राविधिक ज्ञान र बजार विस्तारसँगै ५० रोपनी जग्गामा कफी लगाउने कृषकलाई स्थानीय तहले प्रोत्साहनका प्याकेज अघि बढाउनुपर्ने धारणा राखे । मुसिकोट नगरपालिकाका प्रमुख जिवलाल खरेल जीवनले मुसिकोट नगरपालिकाले कफी कृषकका लागि उपलब्ध गराउँदै आएको अनुदानमा वृद्धि गर्दै लगेको भन्दै आगामी दिनमा यसको विस्तारका लागि थप सहयोग गर्ने प्रतिबद्धता जनाए । गुल्मीभित्र रहेका कफी किसानको सहभागिता रहेको उक्त कार्यक्रममा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका प्रमुख रमेश जैसवाल, कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धिताल, कफी विकास केन्द्र आपचौरका प्रमुख राहुल पाण्डेयले जिल्लामा कफीखेतीको वर्तमान अवस्था र यसका चुनौतीका बारेमा जानकारी गराएका थिए । नेपालमा कफी जननी जिल्ला गुल्मीमा अहिले २४१ हेक्टर क्षेत्रफलमा कफीखेती हुँदै आएको छ । जिल्लामा गत वर्ष ३० मेट्रिक टन कफी उत्पादन भएकामा आठ टन ग्रिनबिन मात्र तेस्रो मुलुकमा निर्यात भएको थियो । जिल्लामा एक हजार ८०० भन्दा बढी कृषक कफीखेतीमा आबद्ध बनेका छन् । पछिल्लो समयमा गुल्मीमा कृषि ज्ञान केन्द्र, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कफी विकास केन्द्र, कफी अनुसन्धान कार्यक्रम, कफी सहकारी संस्थालगायत स्थानीय तहले समेत कफीखेतीको क्षेत्रमा काम गर्दै आइरहेका छन् । ---रासस

खेलकुद समाचार

## सुदूरपश्चिम र लुम्बिनी लायन्सको फाइनल यात्रा



**काठमाडौ,** मंसिर २६/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा ३१ खेल सकिइसकेका छन् भने अब अन्तिम अनि सबैभन्दा महत्वपूर्ण खेल बाँकी छ । लिग चरणका २८ खेलहरू अनि प्लेअफका ३ खेलहरू सकिँदा अब उपाधि भिडन्तमा सुदूरपश्चिम रोयल्स र लुम्बिनी लायन्स आमनेसामने हुँदैछन् । फाइनल खेल शनिबार दिउँसो साढे ३ बजेदेखि सुरु हुनेछ । सुदूरपश्चिम रोयल्सले पहिलो क्वालिफायरमा विराटनगर किङ्सलाई हराएर सिधै फाइनलमा स्थान बनाएको थियो भने लुम्बिनीले इलिमिनेटरमा काठमान्डु गोर्खाज अनि दोस्रो क्वालिफायरमा विराटनगर किङ्सलाई नै पराजित गरेर फाइनलको यात्रा तय गरेको छ । यी दुवै टोलीको फाइनल यात्रा भने विपरित किसिमको छ । सुदूरपश्चिमले लिग चरणमा शानदार प्रदर्शन गरेको थियो भने लुम्बिनीले उतारचढावका बीच शानदार पुनरागन गरेर उपाधिको नजिक पुगेको छ । सुदूरपश्चिम रोयल्स लिग चरणमा लगातार ५ खेल जितेर प्लेअफ पक्का गरेको सुदुरपश्चिमले त्यसपछिको खेल पनि जितेर शीर्षस्थानमा फिनिस गर्ने पक्का गरेको थियो । अंकतालिकामा १२ अंकका साथ शीर्षस्थानमा रहेको सुदुरपश्चिमले पहिलो क्वालिफायरमा विराटनगरलाई हरायो । लिग चरणमा यस संस्करण पनि सुदूरपश्चिमले शानदार सुरुवात गरेको थियो । पहिलो खेलमा सुदूरले काठमान्डुविरुद्ध १४७ रन डिफेन्ड गर्दै २९ रनको जित हासिल गरेको थियो । दोस्रो खेलमा पोखरा एभेन्जर्ससँगको हाइ स्कोरिङ खेलमा पनि १८ रनको जित हासिल गऱ्यो । त्यस्तै तेस्रो खेलमा कर्णाली याक्सविरुद्ध १३९ रन डिफेन्ड गरेर ९४ रनमै अलआउट गरेर प्रभावशाली जित हासिल गरेको थियो । चौथो खेलमा लुम्बिनी लायन्सविरुद्ध १४४ रनको लक्ष्य पूरा गर्दै जित हासिल गऱ्यो ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## लुम्बिनी बौद्ध विश्वविद्यालयमा हिमालयन रिसर्च इन्स्टिच्युट स्थापना



**लुम्बिनी,** मङ्सिर २६/लुम्बिनी बौद्ध विश्वविद्यालयमा हिमालयन रिसर्च इन्स्टिच्युट स्थापना भएको छ । चीनको नानकाई विश्वविद्यालय, मकाउ इन्टरनेशनल थिङ्कट्याङ्कको सहकार्यमा हिमालयन रिसर्च इन्स्टिच्युट स्थापना भएको हो ।

हिमालयन रिसर्च इन्स्टिच्युट स्थापना गर्नेसम्बन्धी त्रिपक्षीय सहकार्य सम्झौतामा लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा. डा. सुवर्णलाल बज्राचार्य र मकाउ इन्टरनेशनल थिङ्कट्याङ्कका अध्यक्ष प्राध्यापक स्वी हाओले हस्ताक्षर गरे । इन्स्टिच्युटमार्फत दुई देशबीचको सम्बन्ध, बौद्ध दर्शन, कला, संस्कृतिका विषयमा अध्ययन अनुसन्धान हुनेछ । सो अवसरमा लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति बज्राचार्यले हिमाली बौद्ध परम्परा, पुरातत्वको अध्ययन, अनुसन्धान जरुरी रहेको भन्दै विश्वविद्यालयबाट त्यसका लागि इन्स्टिच्युट स्थापना गरिएको बताए । नानकाई विश्वविद्यालय, स्कुल अफ फिलोसोफीका प्राध्यापक चाओ वनले दुई देशबीचमा रहेको हिमालय बौद्ध संस्कृति, कला साहित्यको अनुसन्धानले दुई देशको सम्बन्धलाई अझ सुमधुर पार्ने बताए । उनले इन्स्टिच्युटमार्फत संयुक्तमा रूपमा अध्ययन, अनुसन्धान र प्रकाशन गरिने बताए ।

मकाउ इन्टरनेसनल थिङ्कट्याङ्कका अध्यक्ष प्राध्यापक स्वी हाओले इन्स्टिच्युटमार्फत अनुसन्धान क्रियाकलाप गर्न विश्वविद्यालयसँग सहकार्य गर्न पाएको खुसी व्यक्त गरे । उनले हिमालयन पेरिफेरिको अध्ययन, अनुसन्धानले चीन नेपाल सम्बन्धलाई अझ बलियो बनाउने र अध्येताहरूमा ज्ञान प्रवर्द्धन हुने बताए । लुम्बिनी बौद्ध विश्वविद्यालय अनुसन्धान केन्द्रका निर्देशक प्राडा गितु गिरीले हिमालय बौद्ध संस्कृतिको अध्ययन, अनुसन्धानका लागि इन्स्टिच्युट स्थापना महत्वपूर्ण हुने बताए । इतिहास कायम गरेका गुम्बा संस्कृतिको अध्ययनको खाँचो औँल्याउँदै अब विश्वविद्यालयले इन्स्टिच्युटमार्फत संयुक्त रूपमा अनुसन्धान र प्रकाशन गर्ने बताए । --- रासस

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई